# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, साउन २८ गते, २०७८ साल (सङ्ख्या ९

## भाग २

प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

**प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (चौथो संशोधन) आदेश, २०७८**

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिमको आदेश स्वीकृत गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आदेशको नाम “प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (चौथो संशोधन) आदेश, २०७८” रहेको छ।

(२) यो आदेश प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा १५ को उपदफा (१) मा संशोधनः</u>** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा १५ को उपदफा (१) मा रहेको "मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी आदेश, २०७५ को अनुसूची-१ र २" भन्ने शब्दहरुको सट्टा "मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ र अनुसूची-२" भन्ने शब्दहरु राखिएका छन्।

**आज्ञाले,**
**प्रदीप कुमार कोइराला**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-